**बालबालिकाका लागि बाइबल**

**को प्रस्तुती**

# पत्रुस अनि प्रार्थनाको षक्ति



लेखन: Edward Hughes

चित्र: Janie Forest

संयोजन: Ruth Klassen

अनुवाद: Mrs. Trifaina Subba

प्रकाशक: Bible for Children
www.M1914.org

BFC
PO Box 3
Winnipeg, MB R3C 2G1
Canada

©2016 Bible for Children, Inc.
अनुमतिपत्र: यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन।

प्रेेरित पत्रुस सबै
देषमा यात्रा गर्दै
येषूको विशयमा
अरूलाई भन्दै हिँड़े।
एकदिन लिड्डामा पुगे
एक जना मानिसलाई
भेट्टाए, जो आठ
वर्शदेखि पक्षवातको
बिरामीले ओछ्यानमा
पड़िरहेको थियो।





‘‘येषू ख्रीश्टले तिमीलाई निको पार्नुहुन्छ। उठ, र तिम्रो ओछ्यान लगाऊ’’ भनी पत्रुसले भने अनि त्यो तुरून्तै उठिहाल्यो। मानिसहरूले जसले देखे तिनीहरू प्रभुकहाँ फर्के।



जोप्पाको छेवैमा पुगे त्यहाँ मानिसहरू दुःखी थिए। एक ख्रीश्टियन तबीता भन्ने स्त्री जो मरिहालिन्। दुःखीत भइ तिनीहरूका मित्रहरूले तिनलाई गाड़न षरीर तयार गरे त्यसपछि तिनलाई माथिल्लो कोठामा लगे जहाँ तिनीहरू षोक गर्दै थिए।



तर तबीताको मित्रहरूले पत्रुस त्यहाँ छन् भनी सुने। तिनीहरूले पत्रुसलाई जोप्पामा बोलाए। जब पत्रुस माथिल्लो कोठामा आए तब तिनले बनाइराखेका कोटहरू र लुगाहरू देखे अनि सबैजना रोए।

तर पत्रुसले तिनीहरू
सबैलाई बाहिर पठाएर
घुँड़ा टेकी प्रार्थना गरे र
त्यस लाषतिर फर्केर
भने, ‘ए तबीता, उठ!’
अनि तिनले आँखा
उघारिन् र पत्रुसलाई
देखी उठेर बसिन्।





त्यसपछि तिनले आफ्नो हात दिएर उनलाई उठाए अनि ती भक्त जनहरू (ख्रीष्टिनहरू) र विधवाहरूलाई बोलाएर तिनको जीवित षरीर सुम्पिदिए। अनि सारा जोप्पाभरि जाहेर भयो, र धेरैले प्रभुमाथि विष्वास गरे।

धेरै दिनसम्म पत्रुस जोप्पामा नै बसे। एकदिन पत्रुस घरको माथिपट्टि प्रार्थनाको लागि गए। तिनले षहरको पर्खालहरूतर्फ हेरे, तिनले



तीनजना यात्रीहरू उनलाई खोज्दै आइरहेका थिए।

एक कर्नीलियस नाउँ भएको व्यक्ति जो इटाली नामक पल्टनका कप्तान अनि परमेष्वलाई आराधना गर्थे।



कर्नीलियसले आफ्ना दासहरूलाई पत्रुसलाई खोज्न पठाए कारण दूतहरूले दर्षनमा तिनलाई भनेका थिए। “पत्रुसलाई बोलाऊ, तिनी



छाला बनाउने एक जना षिमोनकहाँ पहुना भएर बसेका छन्, जसको घर समुद्रको किनारमा छ अनि उनले भन्नेछ तिमीले के गर्नुपर्छ भनेर।”

जब पत्रुस माथिल्लो तलमा प्रार्थना गरिरहको बेला परमप्रभुले एउटा दर्षन दिनुभयो। एउटा ठूलो लुगाजस्तो पात्र पृथ्वीतिर झरिरहेको देखे। जसमा जन्तुहरू अनि चरा-चुरूंगीहरू थिए। पत्रुस यो अपवित्र छ भनी अनि यहूदी धर्मगुरूहरूले यसलाई खाने अनुमति दिएको छैन।



अचानक एउटा षब्द आयो, “पत्रुस उठ र मारेर खाऊ।”

पत्रुसले भने, ‘‘यस्तो नहोस् प्रभु, किनभने मैले कहिल्यै केही अपवित्र र अषुद्ध थोक खाएको छैनँ।’’ एउटा षब्दले तिनलाई भने, ‘‘परमेष्वरले जे जे षुद्ध गर्नुभएको छ त्यसलाई तिमी अषुद्ध नतुल्याऊ।’’ यी तीन पल्ट भयो अनि त्यसपछि तुरून्तै त्यो पात्र स्वर्गतिर लगियो।



पत्रुसले यो देखेको दर्षन के होला
भनी बुझ्नै सकेनन्। जसरी तिनले
यसको विशयमा सोचिरहेका थिए
तब परमप्रभुले तिमीलाई तीन जना
मानिसहरूले खोज्दैछन्
अनि तिनीहरूसंग
जाऊ भनी भन्नुभयो।



जब तीन मानिसहरूले पत्रुसलाई भने कि पवित्र
दूतहरूको आदेष पाएर कर्नीलियसले आफ्नो
घरमा बोलाएका छन् अनि पत्रुसलाई थाह
भयो कि परमेष्वरले तिनीहरूलाई
अगुवाइ गरेका थिए। अर्को
दिन तिनी अनि तिनका
छ जना मित्रहरू
कर्नीलियसको
घरमा गए।





जसरी पत्रुसले गैर यहूदीको
आफ्नो पाइला सार्दैथिए
तब पत्रुसले बुझ्न सके
कि परमेष्वरले सबै
मासिहरूलाई प्रेम गर्नुहुन्छ
अनि यो थाह पाएको
चाहनुहुन्छ कि परमेष्वर
चाहिँ सबै संसारको
उद्दारकर्ता हुनुहुन्छ। जब
पत्रुस भित्र आए तब
कर्नीलियसले तिनीसंग भेट
गरी तिनका पाउ परी
दण्डवत् गरे।

“उठ्नुहोस्, म आफै पनि ता मानिसनै हुँ” भनी पत्रुसले कर्नीलियसलाई भने। अनि घरमा भएका सबै मानिसहरूलाई भने, “यहूदी भएर अरू जातिको संगत गर्नु, अथवा अरू जातिकहाँ जानु कस्तो अनुचित कुरा हो, सो ता तपाईंहरूलाई थाहै छ।”



“तर परमेष्वरले मलाई कुनै मानिसलाई अपवित्र अथवा अषुद्ध नभन्नू भनी देखाउनुभएको छ।”



पत्रुसले उनीहरूलाई (गैर यहूदी) भने कि येषू परमेष्वरको पुत्र जो क्रूसमा मर्नुभयो अनि फेरि बौरी उठ्नुभयो र संसारको उद्धारकर्ता हुनुहुन्छ। त्यसपछि पवित्र आत्मा तिनीहरूमाथि आए अनि तिनीहरूले परमेष्वरको प्रंषसा गर्नथाले। पत्रुसको छ जना मित्रहरू छक्क परे। यो एउटा पेन्तिकोस जस्तै थियो। पवित्र आत्माको वरदान ती मानिसहरूमाथि पनि खनिए। त्यसपछि पत्रुसले येषूमा नयाँ विष्वासीहरूलाई बप्तिस्मा दिए।



यरूषलेममा तिनले अरू मानिसहरूलाई भेट गए भनेर पत्रुसलाई ख्रीश्टियनहरूले डाँटे। यसैले तिनले अनि कर्नीलियसले प्रार्थनामा पाएको दर्षन उनले तिनीहरूलाई भनिदिए। जब तिनीहरूले यो कुरो सुने तब ती यरूषलेमका ख्रीश्टियनहरू षान्त भए। अनि तिनीहरूले परमेष्वरको महिमा गर्न लागे जसले प्रार्थनाद्वारा ख्रीश्टियन मण्डली देखाउन थाले कि परमेष्वरको
प्रेम सबैको लागि हो।



# पत्रुस अनि प्रार्थनाको षक्ति

**परमेश्वरको वचन बाइबलबाट लिइएको कथा**

**जुन**

## प्रेरित 9-12

**“तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ।”**
**भजनसंग्रह ११९:१३०**

समाप्त

बाइबलको यो कथाले हाम्रा अद्भूत परमेश्वरको बारेमा बताउँदछ जसले हामीलाई बनाउनुभयो । तिमीले उहाँलाई चिन भन्ने उहाँ चाहनुहुन्छ ।

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ । पापको सजाय मृत्यु हो, तर परमेश्वरले तिमीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि तिम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो । त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्गको आफ्नो घरमा जानुभयो १ यदि तिमीले प्रभु येशूमा विश्वास गऱ्यौ र तिम्रा पापहरू क्षमा गरिदिन उहाँसँग बिन्ती गऱ्यौ भने उहाँले तिमीलाई क्षमा गर्नुहुनेछ १ अनि उहाँ तिमीभित्र आएर वास गर्नुहुन्छ र तिमी सधैंभरि उहाँसँगै बस्नेछौ ।

यदि तिमी यो कुरा साँचो हो भनी विश्वास गर्छौ भने परमेश्वरलाई यसो भनः
प्यारो प्रभु येशू, तपाई परमेश्वर हुनुहुन्छ, मेरा पापहरूको निम्ति मर्न तपाई मानिस बन्नुभयो र अहिले फेरि जीवित हुनुभएको छ भनी म विश्वास गर्दछु । कृपा गरी मेरो जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईसँग बस्न सकूँ । तपाईंको आज्ञा पालन गर्न र तपाईंको सन्तान भएर तपाईंको निम्ति जिउन मलाई सहायता गर्नुहोस् । आमेन ।

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर १ यूहन्ना ३:१६